नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि विभाग

हरिहरभवन, ललितपुर

फोनः ५५२४२२६
५५२१३२३
५५२११२७
५५२२४४९
५५२४२२९

Website: www.doanepal.gov.np

प.सं.(कृ.उ.म./बाली):२०८१/८२

च.नं.: ४८२

मितिः २०८२/०१/२५

विषयः धान बालीको उन्नत बीउ बिजनको प्रयोगमा मूल्य अनुदान सम्बन्धमा ।

श्री सबै स्थानीय तहहरू

(कार्यक्रम तथा बजेट विनियोजन भई सफ्टवयेरमा माग प्रविष्ट गर्ने मात्र)

प्रस्तुत विषयमा बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम सञ्चालन हुने गरी आ.व. २०८१/८२ मा सङ्घीय शर्सत बजेट अन्तरगत ताहाँ स्थानीय तहमा उपलब्ध कार्यक्रम तथा विनियोजन बजेटबाट सञ्चालन हुने धान बालीको उन्नत बीउ बिजनको प्रयोगमा मूल्य अनुदान कार्यक्रम सञ्चालनका लागि विद्युतीय बीउ बिजन व्यवस्थापन प्रणाली (DESES) मार्फत् माग भएको धानको बीउ परिमाण र वासलातबाट उपल्ध हुने बीउको परिमाण सफ्टवयेरमा रजिष्ट्रेसनका क्रममा पेश गरेको इमेल ठेगानामा पठाईसकेको र सोको विवरण यस विभागको वेवसाइटमा समेत राखी सकिएको व्यहोरा अनुरोध छ। वासलातमा स्रोतकेन्द्रबाट बीउ प्राप्त गरी यस विभागबाट मिति २०८२/०१/०३ गते प्रकाशित सूचनामा उल्लेख भए अनुसार कायम हुने मूल्यमा धानको उन्नत बीउ वितरण गर्न गराउनुहुन अनुरोध छ। साथै, बीउको गुणस्तर कायका लागि आवश्यक सम्पूर्ण मापदण्ड (चिस्यान, भौतिक शुद्धता, उमारशक्ति, ट्याग विवरण र भण्डारण अवस्था लगायत) पुरा भएको यकिन गरेरमात्र तोकिएको स्रोत केन्द्रबाट यथासिघ्र बीउ उठाउनुहुन समेत अनुरोध छ।

पूनश्चः तहाँ स्थानीय तहबाट माग प्रविष्ट गरिएको जातको कम वा शुन्य परिमाणमा स्रोत केन्द्र तोकिएको भए धानको बहुगुणी-२, चैते-२, चैते-५, हर्दिनाथ-१, हर्दिनाथ-३, हर्दिनाथ-५, हर्दिनाथ-६, लल्का बासमति, मकवानपुर-१, राधा-१२, राधा-४, रामधान, सावा मन्सुली सव-१, सावित्री, सुख्खा धान-३, सुख्खा धान-६, स्वर्णा सव-१ र तरहरा-२ को उन्नत बीउ बचत देखिएको हुँदा सो जात आवश्यक भएमा आवश्यक परिमाण खुलाई स्रोत केन्द्र तोक्ने प्रयोजनका लागि अबिलम्ब लेखी पठाउनुहुन समेत अनुरोध छ।

२०८२/०१/२५

प्रकाश कुमार सञ्जेल

महानिर्देशक



Scanned with CamScanner